साउन २०७४

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# पुनर्निर्माण



## निजी आवास पुनर्निर्माण अभियान

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आर्थिक वर्ष २०७४/७५ मा पुनर्निर्माणलाई निजी आवास अभियानका रूपमा सञ्चालन गर्ने भएको छ ।**

प्राधिकरणले निजी आवास निर्माणका लागि अनुदान लिन लाभग्राहीलाई अनुरोध गर्दै विशेष अभियान चलाएर यो आर्थिक वर्षभित्र निजी आवास बनाई सक्न प्रेरित गरेको छ । त्यस्तै, शैक्षिक संस्था, स्वास्थ्य भवन, सरकारी भवन, पुरातात्विक महत्वका भवन तथा सम्पदाको पुनर्निर्माणलाई तीव्रता दिने कार्ययोजना तयार गरेको छ ।

असार २८ मा बसेको निर्देशक समितिको १० औं बैठकको निर्देशन अनुसार प्राधिकरणले निजी आवास पुनर्निर्माणका लागि अनुदान लिने अन्तिम मिति निश्चित गरेको छ । उक्त निर्णय अनुसार प्राधिकरणले समय सीमा तोकेरै अनुदान लिन लाभग्राहीलाई आग्रह गरेको हो ।

प्राधिकरणले निर्धारण गरेको तालिका अनुसार लाभग्राहीले २०७५ असार मसान्तभित्र निजी आवास पुनर्निर्माण सम्बन्धी सम्पूर्ण अनुदान लिई सक्नु पर्नेछ । निजी आवास पुनर्निर्माणको लागि अनुदान सम्झौता भई घर निर्माण शुरु गरेको संख्या कम रहेको सन्दर्भमा लाभग्राहीहरुबाट घर पुनर्निर्माणको कार्यमा तीव्रता दिने उद्देश्यले भूकम्प प्रभावित ३१ जिल्लामा लागू हुने गरी यो समय सीमा निर्धारण गरिएको हो ।

प्राधिकरणले स्थानीय सरकारसँगको सहकार्यमा निजी आवास पुनर्निर्माणलाई तीव्रता दिन देहायबमोजिमको समय सीमाभित्र आवास अनुदान वितरण गरिसक्ने गरी अभियान संचालन गर्दैछ :

| क्र.सं. | विवरण | समयावधि |
|---|---|---|
| १. | लाभग्राहीको सूचीमा परेका सबै लाभग्राहीले अनुदान सम्झौता गरी प्रथम किस्ता प्राप्त गर्ने | २०७४ कार्तिक मसान्तभित्र |
| २. | २०७३ पुससम्म प्रथम किस्ता प्राप्त गर्ने लाभग्राहीले दोस्रो किस्ता लिइसक्ने | २०७४ पुस मसान्तभित्र |
| ३. | २०७४ कार्तिकसम्म प्रथम किस्ता प्राप्त गर्ने लाभग्राहीले दोस्रो किस्ता लिइसक्ने | २०७४ चैत्र मसान्तभित्र |
| ४. | २०७४ पुससम्म दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीले तेस्रो किस्ता लिइसक्ने | २०७५ जेठ मसान्तभित्र |
| ५. | २०७४ चैत्रसम्म दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीले तेस्रो किस्ता लिइसक्ने | २०७५ असार मसान्तभित्र |

पहिलो किस्ता लिए पनि घर पुनर्निर्माण सम्पन्न गर्ने म्याद नतोकिंदा लाभग्राहीमा घर निर्माण जहिले शुरु गरे पनि हुन्छ भन्ने धारणा देखिएका कारण पनि समय सीमा निर्धारण गर्नुपर्ने अवस्था आएको हो ।

प्राधिकरणले लाभग्राहीलाई अनुदान लिने प्रक्रियामा ढिलाई नहोस् भनेर अनुदान रकम अग्रीम रुपमै प्रभावित जिल्लामा पठाइसकेको छ । तथापि, दोस्रो र तेस्रो किस्ता लिनेको संख्या उत्साहजनक रुपमा अघि नबढेपछि अन्ततः समय सीमा तोकेरै अभियानका रुपमा कार्यक्रम शुरु गरिएको हो ।

त्यसैगरी, प्राधिकरणले अबको गन्तव्य निश्चित गर्दै निजी आवास तथा सार्वजनिक संरचनाहरुको पुनर्निर्माणलाई तोकिएको समयावधिभित्र सक्ने लक्ष्य लिएको छ । पहिल्यै निश्चित गरिए भन्दा थोरै ढीला भए पनि संरचनाहरुको समयमै पुनर्निर्माण भई सक्ने प्राधिकरण नेतृत्वको विश्वास छ ।

### प्राधिकरणले यो आर्थिक वर्षमा गरिने कामहरुको लागि निश्चित गरेको गन्तव्य यसप्रकार छ :

- स्थानीय निर्वाचन भैसकेको सन्दर्भमा स्थानीय सरकारलाई नै पुनर्निर्माण सम्बन्धी कार्यमा जिम्मेवार बनाउँदै पुनर्निर्माणको कार्य द्रुत गतिमा अगाडि बढाउन पुनर्निर्माणको साझेदारी ढाँचा अवलम्बन गर्ने ।
- महिला, दलित, अदिवासी जनजाति लगायत पिछाडिएका वर्ग तथा बेरोजगार युवाहरुलाई समेट्दै पुनर्निर्माणका लागि आवश्यक तालिम सञ्चालन गरी दक्ष जनशक्तिको उत्पादन गर्ने । त्यसका लागि अतिरिक्त अनुदान परिचालन गर्ने ।
- निजी क्षेत्र एवं साझेदार संस्थाहरुसँग समन्वय गरी प्राविधिक सहायतामा जोड दिई दोस्रो र तेस्रो किस्ता वितरणलाई सहज पार्ने ।
- जोखिमयुक्त वस्तीका भूकम्प प्रभावितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरणका लागि आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउने । साथै आवश्यताअनुसार बस्ती संरक्षणको प्रबन्ध मिलाउने ।
- कृषि, पशु, सिंचाई, उद्योग लगायतका आयआर्जनका क्षेत्रमा सञ्चालित हुने कार्यक्रमहरुलाई सघन रुपले सञ्चालन गर्ने ।
- भूकम्प प्रतिरोधी भौतिक संरचनाहरुको निर्माणका लागि नागरिक चेतनाको विकास गर्न प्रचारात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- सरोकारवालाहरुको सहभागितामा पुरातात्विक सम्पदाहरुको प्रबलीकरण कार्यलाई तीव्रता दिने ।
- परम्परागत एवं साँस्कृतिक वास्तुकला झल्किने घरहरुको निर्माणका लागि थप डिजाइन तयार पार्ने ।
- जग्गा धनी प्रमाणपूर्जा नभएका भूकम्प प्रभावित लाभग्राहीहरुलाई जग्गा खरिद प्रयोजनका लागि नगद अनुदान दिने ।
- एकीकृत बस्ती विकासका लागि समुदायलाई उत्प्रेरित गर्ने । यसका लागि आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने ।
- पुनर्निर्माणमा निजी क्षेत्रलाई अझ बढी संलग्न गराउने ।
- वैकल्पिक निर्माण सामग्री र प्रविधिको प्रबर्द्धन गर्ने ।
- निर्माण सामग्रीमा सहज पहुँच पुऱ्याउन निजी क्षेत्रसँग सहकार्य गर्ने ।
- ३१ वटै जिल्लामा प्रबलीकरणको कार्यक्रम संचालन गर्ने ।

### प्राधिकरणले अन्य विभिन्न संरचनाको पुनर्निर्माणको कार्ययोजना तथा समयसीमा पनि निर्धारण गरेको छ :

- जोखिमयुक्त घरधुरी एवं लाभग्राहीको पहिचान गर्ने समय सीमा ०७५ भदौ १५ सम्म । स्वेच्छिक स्थानान्तरण हुन चाहने लाभग्राहीसँग ०७४ असोजसम्म अनुदान सम्झौता गर्ने ।
- ०७४ असोजसम्म पाँचवटा (गोरखाको केरौंजा, सिन्धुपाल्चोकको सेलाङ, रसुवाको खाल्टे, नुवाकोटको उर्लेनी र दोलखाको बेसिम्पा) जोमिखयुक्त वस्ती स्थानान्तरण गरेर एकीकृत वस्ती निर्माण गर्न विस्तृत अध्ययन गर्ने ।
- व्यवस्थापन समितिहरुमार्फत् विद्यालयहरुको पुनर्निर्माणमा तीव्रता दिने ।
- साँखु, बुङमती, खोकना, नुवाकोट, गोरखा र दोलखाका सम्पदा बस्तीहरुको पुनर्निर्माणका लागि विशेष कार्यक्रम संचालन गर्ने ।
- स्वास्थ संस्थाहरु, सरकारी भवनहरु, सुरक्षा निकाय खासगरी नेपाली सेना, जनपद एवम् सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गतका भवनहरु एवम् पुरातात्विक सम्पदाहरुको पुनर्निर्माणलाई समेत थप तीव्रता दिने ।

यी कार्ययोजना तथा समय सीमाको बलमा प्राधिकरणले तोकेका लक्ष्य भेट्न संभव छ । तर, यसमा नागरिकहरुको पनि महत्वपूर्ण भूमिका हुनेछ । खासगरी, निजी आवास निर्माणमा लाभग्राहीको अग्रसरताले सबैभन्दा ठूलो अर्थ राख्छ । लाभग्राहीले आफ्नो घर आफैं बनाउने हो, प्राधिकरणले तीन लाख अनुदान, प्राविधिक सहायता गर्ने हो भन्ने बुझेर घर निर्माण थाले भूकम्पप्रतिरोधी घर पनि बन्नेछ र पुनर्निर्माण अभियान पनि सफल हुनेछ ।



# अब पुनर्निर्माणमा तीव्रता

## यमलाल भूसाल

**भूकम्प गएको लामो समयसम्म पुनर्निर्माण तथा पुनर्स्थापनाको गति सुस्त भएको साँचो हो । तर, अब त्यो कालखण्ड पार भएको छ र पुनर्निर्माणले गति लिन थालेको छ । भूकम्प गएपछिका २६ महिनामा हामीले जेजति चुनौती र अवरोध छिचोल्यौं, त्यसका आधारमा पुनर्निर्माणको यो गति झन् तीव्र हुनेमा शंका छैन । आर्थिक वर्ष २०७३/७४ को अन्त्यतिर प्राप्त भएको तथ्यांकले हामीलाई थप उत्साह थपेको छ ।**





## भौतिक पुनर्निर्माण मात्र होइन हाम्रो दायित्व

पुनर्निर्माणको नेतृत्व राष्ट्रिय पुननिर्माण प्राधिकरणले गर्दै आएको छ । प्राधिकरणको कार्यक्षेत्र मूलतः भूकम्पबाट क्षतिग्रस्त संरचनाको दीगो, दरिलो र योजनाबद्ध रुपमा यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्ने हो । त्यस्तै विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गर्नु अर्को अहं दायित्व छ । हामीले निजी आवासका अतिरिक्त विद्यालय भवनहरु, स्वास्थ संस्थाहरु, सरकारी भवनहरु, साँस्कृतिक भवनहरुका साथै सडक, खानेपानी जस्ता पूर्वाधार निर्माण गर्नु पर्नेछ । त्यस्तै भूकम्पका कारण जोखिमयुक्त बनेका बस्तीलाई स्थानान्तरण गर्नु पर्नेछ । हामीले यी भौतिक पूर्वाधार मात्र बनाएर हुँदैन भूकम्पपीडितलाई जीविकोपार्जन गर्न सक्ने पनि बनाउनु छ ।

त्यसकारण, भूकम्पपछिको पुनर्निर्माण केवल भौतिक पुनर्निर्माण मात्र होइन, यो आर्थिक, सामाजिक र मनोवैज्ञानिक पुनर्निर्माण पनि हो । यसका लागि निश्चय पनि समय लाग्छ ।

## विशाल सामाजिक सर्वेक्षण

अहिलेसम्म हामीले मोटामोटी सबै भूकम्प प्रभावित घरधुरी सर्वेक्षण गरिसकेका छौं । कूल ९ लाख ९६ हजार १ सय ६२ घरधुरीको सर्वेक्षण भएको छ । २०७४ साउन १५ गते सम्मको तथ्यांकअनुसार ३१ जिल्लाका ७,६१,५३२ लाभग्राहीको अनुदानका लागि पहिचान भएको छ र तीमध्ये ६,३१,१५० सँग अनुदान सम्झौता भइसकेको छ । सम्झौता भएकामध्ये ६,०३,०६१ ले पहिलो किस्ता लिइसकेका छन् । दोस्रो किस्ता लिनेको संख्याले विस्तारै गति लिन थालेको छ । सोही आकंडाअनुसार ४६,५४४ लाभग्राहीले घर निर्माण सम्पन्न गरिसकेको छन् भने १,१५,०८४ घरको पुनर्निर्माण शुरु भइसकेको छ ।

यो सर्वेक्षण जनगणना पछिको सबैभन्दा ठूलो हो । लाखौं घरहरु, बस्तीहरु तथा भौतिक पूर्वाधारहरुको सर्वेक्षण भएको छ । जसबाट आगामी दिनमा हुने नवनिर्माणमा पनि सहयोग पुग्नेछ । अहिले नेपाल सरकारसँग झण्डै १० लाख घरधुरीको विस्तृत तथ्यांक छ । झण्डै ६ लाख भन्दा धेरै व्यक्तिको बैंक खाता खुलेको छ । यो संख्याको ठूलो हिस्सा पहिलो पटक बैंकिङ प्रणालीमा आएको हो ।

## तर, चुनौतीरहित छैन पुनर्निर्माण



पुनर्निर्माणको एउटा मुख्य चुनौती छ, सम्बन्धित लाभग्राहीबाट घर निर्माण शुरु गराउने । यहाँ प्रष्ट हुन आवश्यक छ । घर भूकम्पपीडित आफैंले बनाउने हो प्राधिकरण्ण वा अन्य कुनै सरकारी निकायले होइन । प्राधिकरणले तीन लाख अनुदान र प्राविधिक सहायता दिने हो । तसर्थ, जबसम्म लाभग्राही आफ्नो निजी आवास निर्माणमा अग्रसर हुँदैनन्, पुनर्निर्माण सफल हुँदैन ।

त्यसका साथै, प्राविधिक जनशक्ति एवम् प्राविधिक सहयोगको पर्याप्त व्यवस्था अर्को मुख्य चुनौती रहेको छ । पुनर्निर्माणका लागि आवश्यक पर्ने सामग्री र जनशक्ति बजारमा उपलब्ध गराउने चुनौती पनि हाम्रो सामू छ । एकातिर नेपालमा रोजगारी छैन भन्दै युवा जनशक्ति बाहिर जाने स्थिति छ भने अर्कोतिर नेपालको पुनर्निर्माणमा जनशक्तिको अभाव अर्को विडम्बना छ । यो खाडल पुर्न सकियो भने नेपालको समृद्धिमा ठूलो योगदान पुग्नेछ ।

जनसमुदायबाट प्राप्त हुन आएका झण्डै शत् प्रतिशत गुनासा फर्स्योट भइसकेका छन् । बाँकी गुनासाको सम्बोधन तथा प्रणालीमै आउन नसकेका गुनासालाई सम्बोधन गर्नु अर्को चुनौती हो । त्यसैगरी, झुठा दाबी गरेर पहिलो किस्ता लिने तर आवास निर्माण शुरु नगर्ने हरुको पहिचान, पूर्ण क्षतिको सूचीमा रहेका तर घर प्रबलीकरण गरेका लाभग्राहीको सोहीअनुसार वर्गीकरण गर्नुपर्ने पनि चुनौती छ । विभिन्न निकायबीचको समन्वय प्राधिकरणको मूल दायित्व हुँदै हो ।

## यसकारण बढ्दैछ गति

हामीले पुनर्निर्माणको गति तीव्र हुनेछ भनी दाबी गर्नुका केही आधार छन् । निर्माण सम्पन्न भइसकेका र निर्माण भइरहेका घरहरुको संख्या माथि उल्लेख गरिसकियो । यो वर्षात्पछि एउटा ठूलो हिस्साले एकसाथ घर निर्माण शुरु गर्ने अपेक्षा गरिएको छ । मापदण्डअनुसार बन्न नसकेका घरको सुधार भएर प्रणालीमा आएपछि आकंडा बढ्नेछ ।

त्यस्तै, भूकम्पप्रभावित ३१ वटै जिल्लाका स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि आइसकेका छन् । भूकम्पप्रभावित क्षेत्रका जनप्रतिनिधिहरुबाट पुनर्निर्माणको कार्यलाई उच्च प्राथमिकता दिइएको छ । जनशक्ति परिचालन, अनुदान वितरण, गुनासो सम्बोधन, जीविकोपार्जन कार्यक्रम संचालन आदिमा जनप्रतिनिधिहरुको सहभागिता सुनिश्चित गरिएको छ । त्यस्तै, खानेपानी, सिंचाईलगायतका परियोजनाहरुको पुनर्निर्माण पनि स्थानीय तहमार्फत् अगाडि बढाउने तयारी गरिएको छ ।

प्राधिकरणले आगामी दिनमा आवास अनुदानतर्फका बाँकी किस्ता वितरणलाई तीव्रता दिनेछ । त्यस्तै, पुनर्निर्माणमा स्थानीय सरकारको सहकार्य, सहभागिता र यो गदानलाई सुनिश्चित गर्नेछ । स्थानीय सरकारले पनि आफ्नो योजनामा पुनर्निर्माण र पुनर्लाभका कार्यक्रम समावेश गर्दा पुनर्निर्माणको अभियानलाई टेवा पुग्नेछ ।

## निश्कर्षमा....

प्राधिकरणको एकल प्रयासले मात्र पुनर्निर्माण संभव छैन । निजी आवासका हकमा त लाभग्राहीको तत्परता निर्णायक बन्न जान्छ । लाभग्राही तयार भएपछि उहाँहरुलाई सहयोग गर्न प्राधिकरण हरदम तत्पर छ । यसमा केन्द्रीय तथा जिल्लास्तरीय कार्यान्वयन इकाईहरुको पनि महत्वपूर्ण भूमिका रहन्छ ।

पुनर्निर्माणमार्फत् केवल केही लाख घरहरु तथा भौतिक संरचना मात्र बन्ने छैनन् नेपालको आर्थिक बृद्धिदरलाई तीव्रता पनि दिने आधार देखिइसकेको छ । आर्थिक वर्ष २०७३/७४ मा ६.९४ प्रतिशतले आर्थिक बृद्धिदर कायम हुने भनी केन्द्रीय तथ्यांक विभागले प्रारम्भिक अनुमान गरेको छ । विश्व बैंक, एवम् एसियाली विकास बैंकले पनि नेपालको आर्थिक बृद्धिमा बढोत्तरी हुने प्रारम्भिक अनुमान गरेका छन् ।

आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्यमा नेपालको आर्थिक बृद्धिदर ७.२ प्रतिशत हुने लक्ष्य राखिएको छ । आशा गरौं नेपालको पुनर्निर्माणले आगामी दिनमा आर्थिक बृद्धिमा थप तीव्रता प्रदान गर्नेछ ।

*(प्रवक्ता, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण)*

## पुनर्निर्माणसम्बन्धी जानकारीका लागि "सुरक्षित घर"

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सन्देशहरु, आवश्यक जानकारी, अडियो भिडियो सामग्रीहरु मोबाइल एप्सबाट पनि पाउन सकिन्छ । प्राधिकरणका लागि बिल्ड चेञ्ज (Build Change) ले निर्माण गरेको 'सुरक्षित घर' बाट यी जानकारी लिन सकिनेछ ।

यो एप्सबाट भूकम्प प्रतिरोधक भवन निर्माण बारे सूचना, सुझाव र समाधानका उपायहरु पनि प्राप्त गर्न सकिन्छ । साथै, सरकारी अनुदान लिने प्रक्रिया, पालना गर्नुपर्ने नियम तथा विधिका बारेमा अडियो र भिडियोमार्फत् जानकारी उपलब्ध छ । अडियो भिडियो सामग्रीबाट निरक्षर लाभग्राहीले पनि जानकारी हासिल गर्न सक्छन् ।

एप्समार्फत् लाभग्राहीले आफ्ना समस्या राख्न सक्नेछन् जसको प्राधिकरणका अधिकारी र विज्ञ तथा प्राविधिकले जवाफ दिनेछन् । नि:शुल्क उपलब्ध यो एप्स एकपटक डाउनलोड वा ट्रान्स्फर गरेपछि इन्टरनेट विना पनि चलाउन सकिन्छ ।



# जोखिमयुक्त बस्ती स्थानान्तरण गर्दै प्राधिकरण



राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पका कारण जोखिमयुक्त बनेका बस्तीहरुको अध्ययन सम्पन्न गरी स्थानान्तरणको प्रक्रिया तीव्र बनाएको छ। भूकम्पका कारण जोखिमयुक्त १ सय ३६ वस्तीका २३ सय ६१ घरधुरी स्थानान्तरण गर्नुपर्ने भएको छ।

यस्ता जोखिमयुक्त बस्तीहरु भूकम्पबाट अति प्रभावित जिल्लाहरु रसुवा, नुवाकोट, गोरखा, सिन्धुपाल्चोक, दोलखा, धादिङ, ललितपुर, मकवानपुर, काभ्रेपलाञ्चोक, रामेछाप र ओखलढुंगामा छन्। त्यसैगरी कम प्रभावित चितवन, लमजुङ, सोलुखुम्बु र तनहुँका केही बस्ती तथा घरधुरी पनि स्थानान्तरण गरिनुपर्ने भएको छ।

यी बस्तीमध्ये केहीमा स्थानान्तरणको प्रक्रिया शुरु भइसकेको छ। केहीलाई स्थानान्तरण गरेर एकीकृत वस्ती निर्माण गर्ने प्राधिकरणले निर्णय गरी काम अघि बढाएको छ।

जोखमयुक्त वस्तीका वासिन्दालाई जतिसक्दो छिटो सुरक्षित स्थानमा सार्ने बिषयमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. गोविन्दराज पोखरेलले सम्बन्धित जिल्लाको स्थलगत निरीक्षण गर्ने कार्यलाई तीव्रता दिनुभएको छ। डा. पोखरेलले जेठ अन्तिम साता सिन्धुपाल्चोकको विकट सेलाङ पुगेर त्यहाँको जोखिमयुक्त वस्ती स्थानान्तरण गर्ने प्रक्रियालाई तत्काल अघि बढाउन निर्देशन दिनुभयो।

प्राधिकरणले पहिलो चरणमा पाँच जिल्लाका पाँच जोखियुक्त वस्तीलाई सुरक्षित ठाँउमा स्थानान्तरण गरी नमुना एकीकृत वस्ती निर्माण गर्ने प्रक्रिया अघि बढाएको छ। यसमा गोरखाको केरौंजा, सिन्धुपाल्चोकको सेलाङ, रसुवाको खाल्टे, नुवाकोटको उर्लेनी र दोलखाको बेसिम्पा छन्।

यस्ता जोखिमयुक्त वस्तीबाट स्वेच्छिक रुपमा सुरक्षित स्थानमा सर्न चाहने लाभग्राहीलाई प्राधिकरणको सिफारिशमा सरकारले घडेरी खरिद गर्न दुई लाख रुपैयाँ दिने निर्णय गरिसकेको छ। अन्यलाई उपयुक्त जग्गा व्यवस्थापनका लागि पहल गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिइसकेको छ।

प्राधिकरण कार्यकारी समितिको ६४ औं बैठकले एकीकृत वस्ती विकासका लागि सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गर्न तथा पूर्वाधार निर्माण कार्यका लागि अन्य संघसंस्था/निकायको सहयोग लिई वस्ती विकास गर्ने कार्यक्रम अघि बढाउने निर्णय गरेको थियो।

# इन्द्रावतीको किनारमा एकीकृत बस्ती



जेठ १५ गते सिन्धुपाल्चोकको इन्द्रावती नदी किनारमा रहेको झ्याँडीगाउँका विपन्न माझी समुदाय बाजागाजासहित उत्सवमा थिए। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको समन्वयमा श्वेताश्री फाउन्डेसनले एकीकृत बस्ती निर्माणमा सहयोग गर्ने भएपछि उनीहरु त्यसरी रमाएका हुन्।

गाउँका ६३ माझी परिवारका लागि श्वेताश्री फाउण्डेसनले एकीकृत नमूना बस्ती बनाइरहेको छ। उक्त वस्तीको प्राधिकरणका सिइओ डा. गोविन्दराज पोखरेल श्वेता श्री फाण्डेशनकी अध्यक्ष अभिनेत्री श्वेता खड्काले शीलान्यास गर्नु भयो। उहाँहरुलाई चौतारा साँगाचोक गढीका मेयर अमानसिंह तामाङले साथ दिनु भयो।

कार्यक्रममा नेपाली कला, संगीत तथा चलचित्र क्षेत्रका दर्जन बढी हस्तीहरु, हालै निर्वाचित जनप्रतिनिधिहरु तथा समाजसेवीको उपस्थिति थियो। डा. पोखरेल र खड्काले एकल महिला सुन्तला माझीको घरको जगमा ईंटा राखी शीलान्यास गर्नु भएको हो। उपस्थित कलाकार, जनप्रतिनिधि तथा समाजसेवीले पनि एक एकवटा ईंटा राखेर उहाँहरुलाई साथ दिनुभयो।

स्थानीय भूकम्प प्रभावितले सरकारबाट पाउने तीन लाख अनुदान लिई घर निर्माण सुरु गरेका छन्। फाउन्डेसनले उनीहरुलाई नक्सा निर्माण लगायत प्राविधिक सहयोग, व्यवस्थापन तथा परिचालनमा मद्दत गर्नेछ। शौचालय तथा बरण्डासहितको तीन कोठे घर निर्माण हुनेछ।

टिभीमा देखिने अभिनेत्रीको पहलमा घर निर्माण हुन लागेपछि स्थानीय माझी समुदाय खुबै खुशी भएका छन्। उनीहरुले टोल सुधार समिति नै गठन गरेर संगठित रुपमा काम गरिरहेका छन्।

समितिका सचिव दिनेश माझीले भूकम्पका कारण घर लडेर गाउँलेहरु असाध्यै चिन्तित रहेको तर अब फाउन्डेसनको सहयोगमा एकीकृत बस्ती बन्ने भएपछि असाध्यै खुशी भएको बताए। स्थानीयले 'हाम्रो रहर सानो घर' को नारामा बस्ती निर्माण गरिरहेका छन्।

प्राधिकरणले यस्ता एकीकृत बस्ती निर्माणमा प्रोत्साहन गर्दै आएको छ। झ्याँडीगाउँको कार्यक्रममा प्राधिकरणको सिइओ डा. पोखरेलले प्राधिकरणको उक्त नीतिबारे उल्लेख गर्दै यो एकीकृत नमूना बस्ती निर्माण गर्ने अवसर पनि भएको बताउनुभयो।

उहाँले यस्ता सामूहिक एकीकृत बस्ती निर्माण गर्न चाहे प्राधिकरणले बाटो, खानेपानी, बिजुलीजस्ता पूर्वाधार पुऱ्याउन सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो।

# पुनर्निर्माण र पुनर्स्थापनामा मुख्य कार्य प्रगति

**२०७४ साउन १५ सम्म**

## निजी आवास

### घरधुरी सर्वेक्षण

**९,९६,१६२**
भूकम्प प्रभावित ३१ जिल्ला

### लाभग्राही सूचीमा परेका घरधनी

**७,६१,५३२**
अनुदान पाउने सूचीमा

**६,३१,१५०**
अनुदान सम्झौता गरेका

### अनुदान प्राप्त गरेका घरधनी

**६,०३,०६१**
पहिलो किस्ता

**५५,७५४**
दोस्रो किस्ता

**२,७९७**
तेस्रो किस्ता

### निजी आवास पुनर्निर्माण

**४६,५४४**
पुनर्निर्माण सम्पन्न

**१,१५,०८४**
पुनर्निर्माण भइरहेका

## गुनासो व्यवस्थापन

**२,०७,८६१**
गुनासो दर्ता

**२,००,२८७**
पुनरावलोकन गरिएका

**१,९७,९१८**
फछ्र्यौट भएका

## जनशक्ति उत्पादन (डकर्मी)

**३०,९७०**
अल्पकालीन तालिम लिएका

**१०,९१४**
लामो अवधिको तालिम लिएका

## खानेपानी पूर्वाधार

**९०४**
पुनर्निर्माण सम्पन्न

**९६५**
पुनर्निर्माण भइरहेका

## सार्वजनिक संरचना पुनर्निर्माण

| | स्वास्थ्य संस्था | शैक्षिक संस्था | सरकारी भवन | साँस्कृतिक सम्पदा | सामूहिक आवास |
|---|---|---|---|---|---|
| पुनर्निर्माण सम्पन्न | २३० | २,४५६ | ९८ | ५६ | १२९ |
| पुनर्निर्माण भइरहेका | १४० | १,६०१ | १२८ | १११ | |


**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

सिंहदरबार, काठमाडौं
फोन: ०१ ४२११४८२/०१ ४२११४६५
इमेल: info@nra.gov.np
वेब: www.nra.gov.np

National Reconstruction Authority
@NRANepal



# पुनर्निर्माण कार्यले गति लिएको मैले देखेको छु

**भेलरी जुलियाण्ड**
**युएन आवासीय संयोजक तथा**
**युएनडीपी आवासीय प्रतिनिधि**

> “ नेपालजस्तो कमजोर पूर्वाधार भएको अति कम विकसित देशले धेरै फटफट पुनर्निर्माण गर्ने अपेक्षा गर्न सकिंदैन जबकि नेपालभन्दा विकसित देशहरूले पनि त्यसो गर्न सकेका छैनन् । करिब ५ वर्ष पहिले इटलीमा भूकम्प गएको थियो, जुन नेपालको भूकम्पको तुलनामा निकै सानो थियो । अझै पनि त्यहाँ मानिसहरू अस्थायी आवासमा बसिरहेका छन् ।

## तपाई यहाँ आउनुभएको बर्ष दिन भयो । पुनर्निर्माणको गतिप्रति सन्तुष्ट हुनु हुन्छ?

यहाँ बसेको एक बर्षमा मैले पुनर्निर्माणमा भएको प्रगाति देखेको छु । गत जुलाईमा म यहाँ आउँदा बारम्बार सुनिने एउटा गुनासो के थियो भने पुनर्निर्माण फटफट भइरहेको छैन । मिडियाले पनि पुनर्निर्माणको गति सुस्त भएको चित्रण गर्थ्यो । तर श्री गोविन्द राज पोखरेलको आगमन पश्चात्  पुनर्निर्माण कार्यले गति लिएको मैले देखेको छु । हामी पक्कै पनि अरु राम्रो गर्न सक्छौं, तर नेपालजस्तो कमजोर पूर्वाधार भएको अति कम विकसित देशले धेरै फटफट पुनर्निर्माण गर्ने अपेक्षा गर्न सकिंदैन जबकि नेपालभन्दा विकसित देशहरुले पनि त्यसो गर्न सकेका छैनन् । करिब ५ वर्ष पहिले इटलीमा भूकम्प गएको थियो, जुन नेपालको भूकम्पको तुलनामा निकै सानो थियो । अझै पनि त्यहाँ मानिसहरु अस्थाई आवासमा बसिरहेका छन् ।

पुनर्निर्माण सहज कार्य होइन । निश्चय पनि सुधारका ठाउँहरु छन्, जुन हालका दिनहरुमा पुनर्निर्माण प्राधिकरणले गरिरहेको छ । यदि हामीले ४५ हजार घरहरु पुनर्निर्माण भइसकेका र करिब १ लाख १५ हजार पुनर्निर्माणको क्रममा छन् भन्ने तथ्य मनन गर्यौं भने पक्कै पनि त्यसलाई उल्लेखनीय प्रगतिको रूपमा लिनु पर्छ ।

## संयुक्त राष्ट्र संघीय संस्थाहरूले पुनर्निर्माणमा पुऱ्याएको सहयोगको कस्तो मूल्यांकन गर्नु भएको छ?

संयुक्त राष्ट्र संघको भूमिका महत्वपूर्ण छ । प्रथमतः, राष्ट्रसंघीय संस्थाहरुले सुरुको राहत चरणमा अन्तर्राष्ट्रिय समुदायको सहयोग जुटाउन र मानवीय सहयोग पुऱ्याउन अति आवश्यक भूमिका खेले । पछि पुनर्निर्माणको चरणमा राष्ट्र संघीय संस्थाहरुको भूकम्प पीडितहरुलाई प्रत्यक्ष सहयोगमा, प्राधिकरणको सवलीकरणमा र निश्चित मुद्दाहरु जस्तै खानेपानी, जीविकोपार्जन, विद्यालय, स्वास्थ चौकी इत्यादि पुनर्निर्माणमा ठूलो योगदान रह्यो । संयुक्त राष्ट्र संघले मुख्यरूपमा प्राधिकरणलाई सहयोग गर्ने र यसको काममा पूरकको भूमिका निर्वाह गर्ने हो । नेपाल सरकारले पुनर्निर्माणको नेतृत्व गर्ने क्रममा राष्ट्र संघले उस्तै विपतको सामना गरेका अन्य देशहरुको अनुभव साटेर सहयोग गर्न सक्छ ।

## तपाईंले नेपाल अतिकम विकसित मुलुक भएको तथ्य पुनर्निर्माणको निम्ति

## चुनौती भएको इङ्गित गर्नु भयो । पुनर्निर्माणमा अन्य के कस्ता चुनौती देख्नु भएको छ?

मैले अघि नै भनेँ, सीमित राजस्व हुनु नै नेपालको निम्ति ठूलो चुनौती हो ।
अर्को चुनौती नेपालमा विद्यमान असमानता हो । प्रारम्भमा अख्तियार गरिएको सबै पीडितलाई बराबर सहयोग (नेरु दुई लाख प्रति परिवार) को नीति म राम्ररी बुझ्न सक्छु । करिब ७ सात ५० हजारको ठूलो संख्यामा घरहरु पुनर्निर्माण गर्नुपर्ने स्थिति सामना गर्नु पर्दा पीडितको अवस्था अनुसार भिन्नाभिन्नै सहयोग व्यावहारिक थिएन । तर नेपालीहरुबीच ठूलो असमानता थियो र छ । भूकम्पले
सबैलाई असर गरेको छ तर सम्पन्न परिवार वा लाभान्वित जातीय समूहहरुलाई उस्तै असर परेको छैन जस्तो अति विपन्न परिवारलाई परेको छ । जो भूकम्पपूर्व नै निकै गरिब थिए र जोसँग जीविकोपार्जनका लागि निकै सीमित स्रोत, साधन र सहयोग सञ्जाल थियो, उनीहरु अति प्रभावित भए । त्यसैले यी दुई समूहलाई बराबर सहयोग गरियो भने पक्कै पनि समान परिणाम आउँदैन । नेपालका निम्ति अहिलेको ठूलो चुनौती भनेको यो असमानता सम्बोधन गर्ने र पुनर्निर्माण प्रक्रियाले यसलाई निरन्तरता नदियोस् भन्ने सुनिश्चित गर्ने हो । भूकम्पपूर्व नै जुन समूह विपन्न र बहिस्कृत थिए, तिनलाई हामीले बढी सहयोग गर्नुपर्छ ।

यो पुनर्निर्माण मात्रको चुनौती भने होइन । यो चुनौतीलाई सम्बोधन गर्ने जिम्मेवारी प्राधिकरणको मात्रै नभएर नेपाल सरकार र समग्र नेपाली समाजको हो । पुनर्निर्माण प्रत्यक्ष देखिने कृयाकलाप भएकोले विद्यमान परिस्थितिलाई यसले झन् उजागर गर्छ । तथापि, विद्यमान अवस्थालाई सुधार्ने सुवर्ण अवसर पनि हो, पुनर्निर्माण ।

पुनर्निर्माणको क्रममा विभिन्न मुद्दाहरुलाई सम्बोधन गरौं । दलित र बाहुनलाई डकर्मी तालिम दिऔं र उनीहरुलाई सँगै काम गर्ने वातवरण बनाऔं । नेपालको लैंगिक असमानतालाई पनि पुनर्निर्माणको क्रममा सम्बोधन गर्न सकिन्छ । नेपाली महिलाहरुका लागि सरकारी सहयोग, ऋण इत्यादिमा पहुँच निकै कठीन छ ।

स्थानीय अर्थतन्त्रलाई टेवा पुऱ्याउने र आवास निर्माणका लागि आवश्यक सामग्री स्थानीय रुपमै खरिद गर्ने कुरा सुनिश्चित गर्नु पुनर्निर्माणको अर्को चुनौती हो । हामीसँग आवश्यक सामग्रीको अभाव छ । यस्ता धेरै स्थान छन् जहाँ प्राधिकरणबाट आर्थिक सहयोग पाएका भूकम्पपीडितहरुले घर बनाउन पाएका छैनन् किनभने उनीहरुको क्षेत्रमा किन्न खोज्दा पनि निर्माण सामग्री उपलब्ध छैन ।

> **“राष्ट्रसंघीय संस्थाहरूको भूकम्प पीडितहरूलाई प्रत्यक्ष सहयोगमा, प्राधिकरणको सवलीकरणमा र निश्चित मुद्दाहरू जस्तै खानेपानी, जीविकोपार्जन, विद्यालय, स्वास्थ चौकी इत्यादि पुनर्निर्माणमा ठूलो योगदान रह्यो ।**

पुनर्निर्माणले सम्बोधन गर्नपर्ने अर्को पक्ष हो जीविकोपार्जन हो । जसमा आवश्यक ध्यान पुग्न सकेको छैन । मानिसहरुको घर पुनर्निर्माण गर्नु जत्तिकै जरुरी काम हो उनीहरुको जीविकोपार्जन पुनर्स्थापित गर्नु र जीवनयापनको निम्ति स्रोत उपलब्ध गराउनु । नेपालमा २५ प्रतिशत जनता गरिबीको रेखामुनि छन् । भूकम्पले त्यो अवस्था झन विकराल बनायो ।

हामीले मानिसहरुलाई गरिबीबाट उम्किन सहयोग गर्नुपर्छ । नत्र के हुन्छ भने मानिसहरु राजधानी सर्छन् किनभने यहाँ कमसेकम उनीहरुले गर्न सक्ने केही काम हुन्छ । यस्तो प्रवृत्ति शुरु भएको हामीले देखिसक्यौं । यसले मानिसहरु आफ्नो स्वामित्व नभएको जग्गामा बस्ने र केही समयपछि त्यहाँबाट जबर्जस्ती निकालिने अवस्था सृजना गर्छ । यसले शहरी गरिवी बढाउँछ र मानिसहरुको पीडालाई निरन्तरता दिन्छ ।

## हेइटी, इन्डोनेशिया जस्ता मुलुकहरूको विपद्पछिको पुनर्निर्माणबाट नेपालले के सिक्न सक्छ? कुनै उपयोगी पाठ यहाँ लागू भएका छन् ?

पुनर्निर्माण भनेको भवन पुनर्निर्माणमा मात्र सीमित हुँदैन । हेइटी तथा अन्य ठाउँबाट हामीले के देखेका छौं भने पुनर्निर्माणको एउटा पक्षमा मात्र ध्यान केन्द्रित गर्दा भविष्यका जोखिमको सम्बोधन हुँदैन । म हेइटीको उद्दार टोलीमा संलग्न थिएँ । नेपालले सिक्नै पर्ने एउटा पाठ भूकम्पको निम्ति तयारी र विपत व्यवस्थापन सम्बन्धि हो । यदि हामीले कडाईका साथ निर्माण मापदण्ड अवलम्बन गर्ने र सार्वजनिक भवनहरु प्रवलीकरण गर्नेजस्ता कामहरु गरी सुरक्षित तवरले पुनर्निर्माण गरेनौं भने भविष्यको विपतको जग खन्ने छौं ।

जब म पहिलो पटक यहाँ आएँ, केही मानिसले मलाई काठमाडौंले राम्ररी नै भूकम्प थेग्यो भने । त्यो गलत हो । काठमाडौंले धेरै विनाश भोग्नु परेन किनभने भूकम्पको केन्द्रविन्दु काठमाडौं थिएन । काठमाडौं केन्द्रविन्दु भएको भए यो नर म्र्री ध्वस्त हुन्थ्यो र मृत्यु हुनेहरुको संख्या निकै धेरै हुन्थ्यो । हेइटीको भूकम्पको केन्द्रबिन्दु र ाजधानीमै थियो । परिणामस्वरुप २ लाख ५० हजार मानिसले ज्यान गुमाए । काठमाडौंका अधिकारीहरुले हेइटीबाट पाठ सिकेर राम्रो तयारी गर्नु पर्छ । मलाई थाहा छ कि यसतर्फ केही कदम चालिएका छन् । जस्तो कि भवन निर्माण मापदण्ड ल्याइएको छ । तर त्यो पर्याप्त छैन । मापदण्ड कडाइका साथ लागू गरिनु पर्छ ।

## पुनर्निर्माणमा पर्याप्त कोषको कमि छ । त्यो कमि कसरी पूरा गर्न सकिन्छ ?

त्यो हामीले गर्न चाहेको र गर्न सक्ने कुरा हो । तर अरु पैसा वाचा गर्नुपूर्व विकास साझेदारहरु उनीहरुले प्रदान गरिसकेको सहयोग उपयोग भैसक्यो भन्ने पक्का गर्न चाहन्छन् । नेपालले प्राप्त गरेको सबै पुनर्निर्माण सहयोग खर्च भइसकेको छैन । के पनि नबिर्सिऔं भने नेपालको भूकम्प पुरानो खबर भइसक्यो । दुर्भाग्यवस, संसारले अरु कैयौं विपत्तिको सामना गरिरहेको छ । तसर्थ, उपलव्ध कोषको लागि तीव्र प्रतिस्पर्धा छ । तथापि, धेरै दाताहरु नेपाललाई सहयोग गरिरहन इच्छुक छन् । नेपालले उनीहरुलाई के-कति काम भयो देखाउन आवश्यक छ ।



# विपन्न र कमजोर वर्गलाई समेट्दै पुनर्निर्माण

**२०७२ को भूकम्पले पुऱ्याएको क्षतिको पुनर्निर्माणलाई अगाडि बढाइरहँदा राष्टिय पुनर्निर्माण प्राधिकरणले विपन्न, सीमान्तकृत, अशक्त वर्ग, महिला, दलितलाई पनि सँगसँगै लिएर जाने प्रयास जारी राखेको छ ।**

## घडेरी नभएका पीडितलाई २ लाख

भूकम्पपीडित भई लाभग्राहीको सूचीमा नाम समावेश भएका तर नेपालभर कहीं पनि आफ्नो जग्गा जमीन नभएका व्यक्तिले घडेरी खरिद गर्न थप दुई लाख रुपैयाँ पाउँछन् । यसरी सार्वजनिक, वन क्षेत्र र सरकारी जग्गामा बस्नेहरु मूलत: विपन्न वर्गका छन् । घडेरी खरिद गर्न दुई लाख लिए पनि उनीहरुलाई अनुदानको तीन लाख लिन समस्या पर्ने छैन । यो व्यवस्थाबाट घडेरी नभएका ९ हजार ४ सय २० घरधुरी लाभान्वित हुनेछन् ।



## कमजोर वर्गलाई थप ५० हजार

प्राधिकरणले बृद्धबृद्धा, एकल महिला, अपांगता भएका व्यक्ति, बालबालिका प्रकोपबाट अझ बढी प्रभावित हुनेमा पर्छन् भन्ने तथ्यप्रति चनाखो छ । तसर्थ, प्राधिकरणले गैरसरकारी संस्था वा सरकारबाट आवास अनुदान प्राप्त उनीहरुलाई गैरसरकारी संस्थामार्फत् थप ५० हजार उपलब्ध गराउने व्यवस्था गरेको छ ।

## सुरक्षित ठाउँमा सर्न २ लाख

जोखिमयुक्त स्थानमा रहेका पीडितले पनि सुरक्षित ठाउँमा सर्न थप दुई लाख रुपैयाँ अनुदान पाउँछन् । पीडितहरुले सोही जिल्ला वा जोडिएको भूकम्प प्रभावित जिल्लामा घडेरी खरिद गर्न सक्नेछन् । विपन्न तथा सीमान्तकृत समुदाय प्राय: जोखिमयुक्त क्षेत्रमा बस्न बाध्य हुन्छन् । यो निर्णयबाट हालसम्म जोखिमयुक्त भनी पहिचान भएका २३ सय ६१ घरधुरीलाई सुरक्षित स्थानमा सर्न बाटो खुलेको छ । जोखिमयुक्त बस्तीका १० परिवारले मिलेर एकीकृत वस्ती बसाउन चाहे भने प्राधिकरणले भौतिक पूर्वाधार निर्माणमा पहल गर्छ ।

## नीति निर्माणमा सहभागिताको ग्यारेन्टी

प्राधिकरणले स्थानीय तहका प्राकृतिक प्रकोप तथा राहतसम्बन्धी कमिटीहरु तथा संस्थाहरुलाई महिला, दलित तथा अपांगता भएका व्यक्तिहरुको प्रतिनिधि अनिवार्य रुपमा समावेश गर्न निर्देशन दिएको छ । प्राधिकरणको समन्वयमा पुनर्निर्माण परियोजनाहरु कार्यान्वयन गरिरहेका गैरसरकारी संस्थाहरुलाई सहयोग प्रदान गर्ने क्रममा कमजोर समुदायहरुलाई विशेष जोड दिन प्राधिकरणले निरन्तर प्रेरित गरिरहेको छ ।

## जीविकोपार्जन तालिममा प्राथमिकता

प्राधिकरणले जीविकोपार्जनका तालिमहरु तथा क्षमता अभिबृद्धि योजनाहरुमा महिला तथा कमजोर समुदायलाई प्राथमिकता दिएको छ । विभिन्न जिल्लामा संचालित डकर्मीको व्यावहारिक प्रशिक्षणमा सामान्यतया नमूना घर निर्माण गरिन्छ, जुन विपन्न वा कमजोर वर्गको प्रतिनिधित्व हुनुपर्ने नीति प्राधिकरणको छ ।

## पुनर्निर्माण सम्बन्धी हेल्पलाइन

भूकम्पपीडितलाई आवास निर्माण तथा पुनर्निर्माणसम्बन्धी कुनै जानकारी चाहिए तथा गुनासो गर्नुपरे आवश्यक जानकारी लिन सकुन् भनेर प्राधिकरणको पैसा नलाग्ने टेलिफोन सेवा संचालन गरिरहेको छ ।
त्यस्तो सेवा लिन चाहने एनटिसी प्रयोगकर्ताले १६६०-०१-७२००० र एनसेल प्रयोगकर्ताले ९८०१५-७२१११ मा फोन गरी आवश्यक जानकारी पाउनेछन् । यो सेवा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा संचालन भएको हो ।






## विश्व पुनर्निर्माण सम्मेलनलाई सम्बोधन

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. गोविन्द राज पोखरेलले विश्व पुनर्निर्माण सम्मेलनलाई सम्बोधन गर्नुभयो । जेठको अन्तिम साता ब्रसेल्समा आयोजित सम्मेलनमा 'नेपालमा भूकम्पपछिको पुनर्स्थापनाका प्रारम्भिक शिक्षा' शीर्षकमा सम्बोधन गर्नु भएको हो ।

आफ्नो सम्बोधनमा डा. पोखरेलले २०७२ बैशाखको भूकम्पपछिका दुई वर्षमा उद्दार तथा पुनर्स्थापनाका क्रममा हासिल गरेका सकारात्मकता तथा कमि कमजोरीहरुलाई उजागर गर्नुभएको थियो । साथै, उहाँले दीगो र बलियो पुनर्स्थापनाका लागि आवश्यकताहरुलाई पनि उल्लेख गर्नु भयो ।

त्यसक्रममा उहाँले सबैभन्दा जोखिममा रहेका, विपन्न तथा कमजोर वर्गलाई सहयोग गर्ने प्रतिबद्धतामा प्राधिकरण र नेपाल सरकार दृढ रहेको बताउँदै त्यसतर्फ विभिन्न प्रयासहरु गरिएको जानकारी दिनु भयो ।

## सम्पदा निर्माणमा सहयोग गर्ने जर्मनीको प्रतिबद्धता

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. गोविन्दराज पोखरेल र नेपालस्थित जर्मनीका कार्यवाहक राजदूत ज्याक्लीन ग्रोथबीच भेटवार्ता भएको छ । सिंहदरबारस्थित प्राधिकरण कार्यालयमा भएको भेटमा राजदूत ग्रोथले सम्पदा पुनर्निर्माणमा आफ्नो मुलुकले गर्ने सहयोगवारे छलफल गर्नु भएको थियो ।

त्यस क्रममा कार्यवाहक राजदूत ग्रोथले भक्तपुरका विभिन्न ऐतिहासिक सम्पदा पुनर्निर्माणमा चासो देखाउनु भएको थियो ।

सो अवसरमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा.पोखरेलले थापाथलीदेखि टेकुसम्मको बाग्मती नदी किनारमा भूकम्पले क्षति पुऱ्याएका सम्पदा पुनर्निर्माणमा सहयोग केन्द्रित गर्न सुझाव दिनु भएको थियो ।

भेटमा पुरातत्व विभागका महानिर्देशक भेषनारायण दाहाल लगायतको टोली पनि सहभागी थियो ।

## जापानी राज्यमन्त्री र प्राधिकरणका सिइओ पोखरेलबीच भेटवार्ता

नेपाल भ्रमणमा आएका बेला जापानका वातावरण राज्यमन्त्री तादाहिता इतोले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. गोविन्दराज पोखरेुसँग भेटवार्ता गर्नु भयो । सिंहदरबारस्थित प्राधिकरण कार्यालयमा करिब एक घण्टा भएको भेटमा जापानका राज्यमन्त्री इतोले नेपालको पुनर्निर्माणमा भइरहेको प्रगतिबारे चासो राख्नु भएको थियो ।

सोक्रममा मन्त्री इतोले पुनर्निर्माणको प्राथमिकताका साथै यसमा देखिएको चुनौतीको सामना गर्न जापानले गर्न सक्ने थप सहयोग बारे धारणा राख्नुभएको थियो ।
सो क्रममा प्राधिकरणका सिइओ पोखरेलले प्राविधिक सहयोग र क्षमता बिकासका साथै पुनर्निर्माणमा करिब ४ खर्ब रुपैयाँ अभाव हुने देखिएको भन्दै त्यसको व्यवस्थापनमा सबैको समन्वय र सहकार्य हुनु पर्नेमा जोड दिनु भएको थियो ।



जापानले पुनर्निर्माणका लागि थुप्रै सहयोग गरिरहेकोप्रति आभार व्यक्त गर्दै सिइओ पोखरेलले ज्ञान र प्रविधिको बिकासका वारेमा जापानबाट थुप्रै कुरा सिक्न बाँकी रहेको बताउनु भयो ।

जापानी राज्यमन्त्री इतोले भविष्यमा आउन सक्ने प्राकृतिक बिपत्तिको सामाना गर्नका लागि अहिलेको पुनर्निर्माण अनुभव नेपालका लागि महत्वपूर्ण हुने धारणा राख्नु भयो । मन्त्री इतोले पुनर्निर्माणमा थप सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनु भयो ।

सिइओ पोखरेलले जापानले गर्ने निरन्तरको सहयोगले नेपालको पुनर्निर्माण समयमै सम्पन्न गर्न सहयोग पुग्ने उल्लेख गर्नु भयो ।

## त्रुटी हुन नदिन प्राधिकरणको निर्देशन

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गुनासो फछ्र्योटमार्फत् छुट सर्वेक्षण तथा पुन: जाँच वर्गमा परेका भूकम्प अति प्रभावित १४ जिल्लाका गुनासोकर्ताहरुका घरदैलोमा पुगी स्थलगत तथ्यांक संकलन विवरण कार्यमा खटिने ३३२ इन्जिनयरलाई तालिम दिएको छ ।

साउन अन्तिम साता शुरु भएको तालिममा सहभागी इञ्जिनियरहरुलाई निर्देशन दिँदै प्राधिकरणका कार्यकारी समिति सदस्य डा. हरिराम पराजुलीले सर्वेक्षणका क्रममा त्रुटीहरु हुन नदिन आग्रह गर्नु भयो । स्ट्रक्चरल इञ्जिनियरसमेत रहनु भएका डा. पराजुलीले सर्वेक्षणका क्रममा निर्णय गर्दा आफूले गरेको अध्ययनमा आधारित भएर वस्तुगत परिस्थितिमा विवेक पुऱ्याउन पनि निर्देशन दिनुभयो ।

तालिमलगत्तै फिल्डमा खटिइने इञ्जिनियरहरुले प्राधिकरण केन्द्रमा दर्ता भएका करिब १ लाख २८ हजार वटा गुनासोको पुन: सर्वेक्षण गर्नेछन् । गुनासो फछ्र्योट भएर लाभग्राही तथा प्रबलीकरणको सूचीमा परेका घरधुरीको भने पुन: सर्वेक्षण हुने छैन ।
जीपीएस प्रविधिमा आधारित भएर ट्वाब्लेटमार्फत् गरिने यो सर्वेक्षणमा इञ्जिनियरले संकलन गरेका तथ्यांक सिधै केन्द्रीय सर्भरमा जम्मा हुनेछ । पुन:सर्वेक्षण र पुन:जाँच भदौ ३१ सम्म सक्ने प्राधिकरणको लक्ष्य छ ।

## गुम्बा / बिहार पुनर्निर्माणको बाटो खुल्यो

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पबाट प्रभावित गुम्बा/बिहारहरुको संरक्षण, जीर्णोद्वार तथा पुनर्निर्माण सम्बन्धी कार्यविधि, २०७४ स्वीकृत गरेसँगै तिनको पुनर्निर्माणको बाटो खुलेको छ। प्राधिकरणको असार २ गते बसेको कार्यकारी समितिको बैठकले सोसम्बन्धी कार्यविधि स्वीकृत गरेसँगै क्षतिग्रस्त करिब ११ सय गुम्बा तथा बिहार पुनर्निर्माण गर्ने बाटो सहज भएको हो।

यो कार्यविधि भूकम्पबाट प्रभावित सय वर्ष नपुगेका सार्वजनिक गुम्बाहरुको संरक्षण, जीर्णोद्वार तथा पुनर्निर्माण कार्यका लागि मात्र लागू हुनेछ। भूकम्पले करिब १३ सय गुम्बा तथा बिहार क्षतिग्रस्त भए पनि ११ सय गुम्बा/बिहार सय बर्ष नपुगेका छन्। सय बर्ष पुगेका सम्पदा पुनर्निर्माणका लागि प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अनुसार पुरातत्व विभागले पुनर्निर्माण गर्ने प्रावधान छ।

प्राधिकरणका कार्यकारी समिति सदस्य डा. चन्द्र बहादुर श्रेष्ठले अब गुम्बा तथा बिहारको पुनर्निर्माणले तीव्रता पाउने बताउनुभयो। डा. श्रेष्ठले कार्यविधि अनुसार पुनर्निर्माण गर्दा जोखिमयुक्त गुम्बा/बिहारहरुलाई पहिलो प्राथमिकता र अन्य गुम्बाहरुलाई क्रमशः क्षतिको स्तर बर्गीकरण गरी पुनर्निर्माण गरिने बताउनु भयो।

## जीविकोपार्जनका कार्यक्रम स्थानीय तहसम्म

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले निजी आवास तथा अन्य संरचनाको पुनर्निर्माणसँगै सामाजिक पुनर्निर्माणको कार्यक्रमलाई अगाडि बढाउने भएको छ। यसका लागि प्राधिकरणले अलग समय सीमासहितको जीविकोपार्जनको कार्यक्रम नै तय गरेको छ।

प्राधिकरणले २०७४ साउनदेखि नै भूकम्पप्रभावित ३१ जिल्लाका प्रत्येक गाउँपालिका/नगरपालिकाकका तहमा आर्यआर्जन सम्बन्धी कार्यक्रम संचालन गर्ने कार्यक्रम बनाएको छ। त्यसअन्तर्गत पहिलो चरणमा सम्बन्धित मन्त्रालय, निजी क्षेत्र, साझेदार संगठनहरुको सहकार्यमा साना उद्यमीलाई प्रोत्साहन गर्ने कार्यक्रम तय भएको छ।

प्राधिकरण कार्यकारी समिति सदस्य डा.विष्णुबहादुर भण्डारीले भूकम्पपीडितलाई जीविकोपार्जन कार्यक्रमअन्तर्गत प्रत्येक स्थानीय तहको आवश्यकता अध्ययन गर्ने, त्यहाँका नागरिकको सीपको पहिचान गर्ने, उनीहरुको इच्छा तथा त्यहाँको संभावना बुझेर सोहीअनुसार कार्यक्रम तय गरिने बताउनुभयो।

त्यस्तै, हरेक स्थानीय तहमा यो कार्यक्रममा इच्छुकहरुको समूह बनाएर तालिम दिने, तालिमका क्रममा सामग्रीहरु उपलब्ध गराउने र उत्पादन गराउने योजना बनाएको छ। प्राधिकरणले त्यस्ता उत्पादनको खरिद गर्ने अथवा बजारको व्यवस्थासमेत मिलाउने पनि सोचिरहेको छ।

प्राधिकरणको समन्वयमा सम्बन्धित मन्त्रालय, निजी क्षेत्र, साझेदार संगठनहरुका जीविकोपार्जन सम्बन्धी कार्यक्रम निरन्तर संचालन हुनेछ। प्राधिकरणले समय समयमा भूकम्पपीडितको क्षमताको अध्ययन गरेर अभिबृद्धि गर्ने कार्यक्रमलाई अघि बढाउनेछ।

## काभ्रेको फलामेमा १५० वटा भूकम्प प्रतिरोधी घर स्थानीयलाई हस्तान्तरण

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सिइओ) डा. गोविन्दराज पोखरेलले असार २० गते काभ्रेको पनौतीस्थित फलामेमा १ सय ५० वटा भूकम्पप्रतिरोधी घर हस्तान्तरण गर्नु भयो। ती घर समारिटानस् पर्स इन्टरनेशनल रिलिफले निर्माण गरेको हो।

समारिटानस् पर्स इन्टरनेशनल रिलिफले यसअघि काभ्रेकै मेथिनकोटमा २ सय ३ ओटा अर्थब्याग घर निर्माण गरी हस्तान्तरण गरिसकेको छ।

## प्राचीन बस्ती संरक्षणमा प्राधिकरणको पहल

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुरातात्विक तथा पर्यटकीय महत्वका प्राचीन बस्तीहरुको संरक्षण गर्न विशेष पहल गरेको छ। निर्देशक समितिको बैठकले ६ वटा वस्तीमा बन्ने निजी आवासले प्राचीन स्वरुप झल्कनेगरी निर्माण गरेमा विभिन्न सुविधा दिने निर्णय गरेको छ।

प्राधिकरणले काठमाडौंको साँखु, ललितपुरका खोकना तथा बुंगमती तथा गोरखाबजारको गोरखा दरबार तथा संग्रहालय क्षेत्र, नुवाकोटको दरबार क्षेत्र एवम् दोलखाको भीमेश्वर मन्दिर वरिपरिको बजार क्षेत्रमा रहेका घर निर्माणमा थप सहयोगको व्यवस्थाको प्रस्ताव गरिएको छ।

'खासगरी घरको अगाडि पट्टिको भाग प्राचीन स्वरुपमा निर्माण गराउन प्रोत्साहन गर्न प्राधिकरणले परम्परागत ईंटा खरिदमा ५० हजार रुपैयाँ सहुलियत दिनेछ', कार्यकारी समिति सदस्य तथा यस सम्बन्धी अध्ययन गर्न बनेको कार्यदलका संयोजक ध्रुवप्रसाद शर्माले भन्नुभयो।

त्यस्तै, प्राधिकरणले त्यसरी घर निर्माण गर्दा काठमा सहुलियत दिन सम्बन्धित निकायलाई एवम् नक्सा पास गर्न स्थानीय तहलाई सिफारिश गर्नेछ। महत्वपूर्ण पर्यटकीय क्षेत्रको संरक्षण गर्न स्थानीयलाई प्रोत्साहन गर्न सके त्यसले अन्ततः राष्ट्को पहिचान र आम्दानीमा नै टेवा पुग्ने प्राधिकरणको विश्वास छ।

## जनशक्ति व्यवस्थापनमा युएनडीपीले सहयोग गर्ने



राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) बीच पुनर्निर्माणका लागि प्राधिकरणमा आवश्यक पर्ने जनशक्ति उत्पादनबारे समझदारी भएको छ। यस सम्बन्धमा प्राधिकरणका सचिव सर्वजीत प्रसाद महतो र युएनडीपीका नेपाल निर्देशक रेनो मेयरले जेठ तेस्रो साता यस्तो समझदारीमा हस्ताक्षर गर्नु भएको हो।

यो कार्यक्रम ०७४ जेठ २० बाट लागू भएको छ जुन ०७६ पुस १६ सम्म चल्नेछ। यसका लागि करिब ६० लाख अमेरिकी डलर आवश्यक पर्ने आंकलन गरिएको छ। सुरक्षित पुनर्निर्माणका लागि प्राधिकरणको क्षमता अभिबृद्धि परियोजनाअर्न्तगत चल्ने यो कार्यक्रममा यस वर्ष युनडीपीले पाँच लाख अमेरिकी डलर सहयोग गर्नेछ।

यो समझदारीअनुसार प्राधिकरणले नेतृत्व गर्दै आएको पुनर्निर्माणलाई तीव्रता दिन मानव जनशक्ति व्यवस्थापन संयन्त्र स्थापना हुनेछ, जसले आवश्यक विज्ञ तथा अन्य जनशक्ति पहिचान तथा नियुक्त गर्न प्राधिकरणलाई सहयोग गर्नेछ।

# निर्देशक समितिको दशौँ बैठक



असार २८ गते राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको दशौँ बैठक बस्यो । निर्देशक समितिको अध्यक्षसमेत रहनुभएका सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको संयोजकत्वमा बसेको बैठकले प्राधिकरणद्वारा प्रस्तावित विभिन्न बिषयलाई पारित गरेको छ ।

बैठकमा निर्देशक समितिका अध्यक्ष समेत रहनुभएका प्रधानमन्त्री देउवाले पुनर्निर्माणलाई थप तीव्रताका साथ अघि बढाउन निर्देशन दिनुभयो । बैठकले आगामी आर्थिक बर्षको लागि प्रस्ताव गरिएको १ खर्ब ४५ अर्ब ९३ करोड ४९ लाख ४० हजार बजेट स्वीकृत गर्‍यो । निर्देशक समितिको बैठकले निजी आवास निर्माणका लागि अनुदान वितरणमा समय सीमा तोकेर अभियान चलाउने निर्णयसमेत गरेको छ ।

बैठकले भूकम्प कम प्रभावित १७ जिल्ला हेर्नेगरी ८ स्थानमा प्राधिकरणको जिल्ला सचिवालय स्थापना गर्न स्वीकृति दिएको छ । अब बागलुङ, पर्वत र म्याग्दी हेर्नेगरी बागलुङमा, पाल्पा, गुल्मी र अर्घाखाँची हेर्नेगरी गुल्मीमा, स्याङ्जा र कास्की हेर्नेगरी स्याङ्जामा, चितवन र नवलपरासीलाई हेर्ने गरी चितवनमा, संखुवासभा, धनकुटा र भोजपुर हेर्नेगरी धनकुटामा नयाँ सचिवालयहरु स्थापना हुनेछन् । त्यस्तै, लमजुङ, तनहुँ र सोलुखुम्बुमा पनि छुट्टाछुट्टै सचिवालय स्थापना हुनेछन् भने हाल ओखलढुंगामा रहेको सचिवालयले खोटाङ जिल्ला पनि हेर्नेछ ।

बैठकले थप सुझाव समेट्न गरी प्राधिकरणको आर्थिक बर्ष ०७४/७५ को कार्ययोजनामा पारित गर्ने निर्णय गरेको छ ।

बैठकपछि संचारकर्मीहरुसँग कुरा गर्दै प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा. गोविन्दराज पोखरेलले पुनर्निर्माणले ढीलै भए पनि गति लिएको भन्दै आगामी आर्थिक बर्षमा निजी आवास, सम्पदा, शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको पुनर्निर्माणले थप तीव्रता पाउने बताउनुभयो ।

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण**

सिंहदरबार, काठमाडौँ

फोन: ०१ ४२११४८२/०१ ४२११४६५

इमेल: info@nra.gov.np / वेब: www.nra.gov.np

National Reconstruction Authority

@NRANepal

**सम्पादक : यमलाल भूसाल**

**सम्पादन मण्डल : दिनेश पाण्डेय, दीपक सापकोटा, रिया बस्नेत**

*(यो सामग्री युएनडीपीको सहयोगमा तयार गरिएको हो ।)*